# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली , सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८२/०८३
च.न. :

**बिषय: त्रिनगर मा.बि.को जग्गामा हाटबजार ( कानुनले निशेध गरेका मालसमान बाहेक ) संचालन सम्बन्धी १५ दिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना चौथो पटक प्रकाशित मिति : २०८२।१०।१६**

धनगढी उपमहानगरपालिका र त्रिनगर मा.वि.धनगढीको निर्णय बमोजिम त्रिनगर मा.वि.धनगढीको स्वामित्वमा रहेको त्रिनगर मा.बि.को जग्गामा हाटबजार ( कानुनले निशेध गरेका मालसमान बाहेक ) संचालन गर्नका लागि सम्झौता भएको मितिबाट १ बर्षका लागि ठेक्कामा लिने/दिने कार्यका लागि तपसिल बमोजिमका शर्तहरूको अधिनमा रहने गरी प्रति ब्यापार/स्टलबाट रू १००। सेवा शुल्क लिने गरी ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू :**

१. बढाबढका लागि न्यूनतम् ठेक्का अंक बहाल कर सहित रू. ९,६४,५००। (अक्षेरूपी नौ लाख चौसट्टी हजार पांच सय ) कायम गरिएको छ ।
२. ठेक्काको अवधि ठेक्का लागेको समय देखि (१) एक बर्षका लागि हुनेछ ।
३. त्रिनगर मा.वि. धनगढीको स्वामित्वमा रहेको कित्ता नं. ११४९ को ०-१५-१२ क्षेत्रफल भएको जग्गामा उक्त क्षेत्र भित्र तोकिएका ४ दिन ( सोमवार,बुधवार,बिहीवार र शनिवार ) तोकिए अनुसार शुल्क संकलन गर्न पाईने छ । तोकिएको दर र क्षेत्र भन्दा बाहिर गई शुल्क संकलन गरेको प्रमाण फेला परेमा धनगढी उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयले ठेक्का सम्झौता रद्ध गर्न सक्नेछ ।
४. यो ठेक्काको प्रथम पक्ष धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोस्रो पक्ष त्रिनगर मा.वि., धनगढी र तेस्रो पक्ष ठेक्कावाला हुनेछ ।
५. यस सूचना बमोजिम पर्न आएका सिलबन्दी दरभाउपत्र खोल्दा र सम्झौता गर्दा त्रिनगर मा.वि., धनगढीको प्रतिनिधिको पनि सहभागिता रहनेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

६. हाट बजार क्षेत्र भित्र खानेपानी, विजुली, सरसफाई तथा शौचालयको व्यवस्था तेश्रो पक्षलेनै गर्नु पर्नेछ ।

७. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र कार्यालय समयमा रू. १०००।०० (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

८. दरभाउपत्र दर्ता गर्दा फर्म वा कम्पनीले आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि समावेश गर्नु पर्ने छ ।

९. दरभाउपत्र दाताले आफूले दर्ता गर्ने दरभाउपत्रको खामको बाहिर पट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेखेको हुनु पर्नेछ ।

१०. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिउंसो २:०० बजे दरभाउपत्र खोलिने हुंदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, दरभाउपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

११. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ ।

१२. दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता ( हि.न. ४१७०१००३०३००००२ ) मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्ग को बाणिज्य बैंकहरूको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्ने छ ।

१३. दरभाउपत्र दाताले कबोल गरेको ठेक्का अंक बराबरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अबधिसम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

२३२

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली , सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८२/०८३
च.न. :

१४. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम दुई किस्तामा बुझाउनु पर्नेछ ।

१५. दरभाउपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ साथै म्याद नाघी आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१६. कुनै पनि अवस्थामा तेश्रो पक्षले कर छुटको लागि मागदाबी गर्न पाईने छैन । संकलन गर्ने करको दर रेट यस कार्यालयको आर्थिक ऐन अनुसार हुनेछ । दरभाउपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

१७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१८. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ ।

१९. यस सूचनामा उल्लेखित नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

२०. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश ।

दरभाउपत्र दस्तुर रू. १०००।

| सि.न | ठेक्का कार्यको विवरण | न्यूनतम बढाबढ हुने ठेक्का रकम बहाल कर सहित | कवोल गरेको वार्षिक ठेक्का रकम ( बहाल कर सहित ) | | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | | अंकमा रू. | अक्षरमा रू. | |
| १ | त्रिनगर मा.बि.को जग्गामा तोकिएको ४ दिन हाटबजारबाट शुल्क संकलन गर्ने कार्यका लागि कवोल गरेको ठेक्का रकम । | ९,६४,५००। | | | |

<u>ठेकेदारको तर्फबाट:</u>

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

दस्तखत:

फोन नं.: